# शहिद लखन गाउँ कार्यपालिकाको ९७औं बैठक

आज मिति २०८३।०२।१८ गते, नेपाल संवत् ११४६ अनलागाः पारु, सोमबार दिन शहिद लखन गाउँ कार्यपालिकाको ९७औं बैठक गाउँपालिकाका आदर्णीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. श्री रमेश बाबु थापा मगर | अध्यक्ष | |
| २. श्री इन्दिरा तिवारी | उपाध्यक्ष | |
| ३. श्री बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं २ | |
| ५. श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं ३ | |
| ६. श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं ४ | |
| ७. श्री यम बहादुर राना | वडाध्यक्ष, वडा नं ५ | |
| ८. श्री दिलिप नारायण थापा | वडाध्यक्ष, वडा नं ६ | |
| ९. श्री शरण श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | |
| १०. श्री बासुदेव ढकाल | वडाध्यक्ष, वडा नं ८ | |
| ११. श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष, वडा नं ९ | |
| १२. श्री कृष्ण बहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |
| १३. श्री शोभा नेपाली | कार्यपालिका दलित महिला सदस्य | |
| १४. श्री गिता परियार | कार्यपालिका महिला सदस्य | |
| १५. श्री लिना थापा | कार्यपालिका महिला सदस्य | |
| १६. श्री हस्त कुमारी गुरुङ्ग | कार्यपालिका महिला सदस्य | |
| १७. श्री बिमला ढुंगाना अंगाई | कार्यपालिका महिला सदस्य | |

| | | |
|---|---|---|
| १८. श्री लाल बहादुर गुरुङ | का.वा. वडाध्यक्ष, वडा नं १ | [signature] |
| १९. राजन रत्नाकार | इन्जिनियर | [signature] |
| २०. पूर्ण ब. गहतराज | स.प्र.अ. | [signature] |
| २१. वीरेन्द्र श्रेष्ठ | ल्या. का. प्र | [signature] |
| २२. विश्व डोटेल | अ. स्वा. मी. | [signature] |
| २३. अरविन्द थापा | खु.पु.अ. | [signature] |
| २४. डा. विवेक पुडासैनी | पशु चिकित्सक | [signature] |
| २५. | | |
| २६. गोविन्द ब. चौधरी | का.स. | [signature] |
| २७. सोमला गुरुङ | | [signature] |
| २८. | | |
| २९. | | |
| ३०. | | |
| ३१. | | |
| ३२. | | |
| ३३. | | |
| ३४. | | |

**प्रस्ताव नं. १: व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा शहिद लखन गाउँपालिकाको हाल प्रचलनमा रहेको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधिमा समयानुकूल सुधार, व्यवस्थित तथा प्रभावकारी बनाउने लगायतका विषयमा संशोधन तथा परिमार्जन आवश्यक देखिएको हुँदा व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८० लाई प्रतिस्थापन गरी "व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३" सर्व सहमतिले स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: गै.स.स संगको साझेदारीको लागि सूचना प्रकाशन सम्बन्धमा।**

**निर्णय नं. २:** प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकाको आवश्यकता, प्राथमिकता तथा वार्षिक नीति तथा कार्यक्रमअनुसार विभिन्न क्षेत्रमा गैर सरकारी संस्थाहरूसँग साझेदारीमा कार्यक्रम तथा आयोजना सञ्चालन गर्न आवश्यक देखिएकोले साझेदारीगर्न इच्छुक गै.स.स.हरूका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: पूर्व बजेट तयारी छलफल कार्यक्रम सञ्चालन सम्बन्धमा।**

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा गाउँपालिकाको समग्र विकास र बजेटलाई थप प्रभावकारी, सहभागितामूलक तथा जनमुखी बनाउन स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, बुद्धिजीवी, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूको राय, सुझाव तथा पृष्ठपोषण संकलन गर्ने उद्देश्यले तपसिल बमोजिमको मिति, समय र स्थानमा पूर्व बजेट तयारी छलफल कार्यक्रम आयोजना गर्ने तथा सम्बन्धित सरोकारवालाहरूलाई सहभागिताका लागि आमन्त्रण गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

मितिः २०८३।०२।२२ गते शुक्रबार

समयः बिहान ११:०० बजे

स्थानः शहिद लखन गाउँपालिकाको शहिद स्मृति हल, घैरुङ, गोरखा।

**प्रस्ताव नं. ४: देउराली छाप पहार्दी खानेपानी तथा सरसफाइ योजनाको म्याद थप सम्बन्धमा।**

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका, वाइन टु वाटर नेपाल तथा देउराली छाप पहार्दी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति बीच सम्पन्न त्रिपक्षीय सम्झौताअनुसार वडा नं. ५ मा सञ्चालित देउराली छाप पहार्दी खानेपानी तथा सरसफाइ योजनाको निर्माण कार्य सम्झौताबमोजिम निर्धारित समयभित्र सम्पन्न हुन नसक्ने देखिएको, उपभोक्ता समितिबाट मिति २०८३।०२।११ गते कारणसहित म्याद थपका लागि निवेदन पेश भएको, वडा कार्यालयको सिफारिस तथा उपभोक्ता समितिको निर्णयसमेतका आधारमा उक्त योजनाको कार्य सम्पन्न गर्ने म्याद २०८३ पौष १५ गतेसम्म थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५: आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा का सम्बन्धमा छलफल गर्दा विषयगत समितिहरूद्वारा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमाका लागि पेश गरिएको

विषयगत क्षेत्रगत नीति तथा कार्यक्रमको मस्यौदा उपर प्रारम्भिक छलफल गरी तपसिल बमोजिमको विषयगत पेश गर्ने नीति तथा कार्यक्रम पेश भई छलफल गरियो। साथै यसमा थप राय सुझावको संकलन गरि अन्तिम रुप दिने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विकास क्षेत्र | पेश गर्ने | सम्बन्धित नीति/कार्यक्रम |
|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | आर्थिक विकास समिति संयोजक | ❖ कृषि नीति<br>❖ पशुपन्छी विकास नीति<br>❖ सहकारी नीति<br>❖ घरेलु तथा साना उद्योग नीति<br>❖ आन्तरिक रोजगारी प्रवर्द्धन नीति<br>❖ वैदेशिक रोजगार नीति<br>❖ ऐतिहासिक, सांस्कृतिक तथा पर्यटन विकास नीति<br>❖ राजश्व नीति |
| २ | सामाजिक विकास क्षेत्र | आर्थिक विकास समिति संयोजक | ❖ स्वास्थ्य नीति<br>❖ शिक्षा नीति<br>❖ युवा तथा खेलकुद नीति<br>❖ सामाजिक विकास तथा समाज कल्याण एवं समावेशीकरण नीति<br>❖ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता नीति |
| ३ | पूर्वाधार विकास क्षेत्र | पूर्वाधार विकास समिति संयोजक | ❖ सडक तथा यातायात नीति<br>❖ भवन नीति<br>❖ विद्युतीकरण नीति<br>❖ जलस्रोत नीति<br>❖ खानेपानी, सरसफाइ तथा स्वच्छता नीति |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन नीति<br>❖ खनिज नीति |
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | सुशासन तथा संस्थागत विकास समिति संयोजक | ❖ सूचना प्रविधि नीति<br>❖ सुशासन तथा संस्थागत क्षमता विकास नीति<br>❖ न्यायिक सम्पादन नीति<br>❖ उपभोक्ता समिति सम्बन्धी नीति<br>❖ विकास सम्बन्धी नीति |

**प्रस्ताव नं. ६: विपद् व्यवस्थापन प्रतिकार्य योजनाको अद्यावधिक सम्बन्धमा।**

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको विपद् व्यवस्थापन तथा प्रतिकार्य कार्यलाई व्यवस्थित, प्रभावकारी र समयानुकूल बनाउन विपद् व्यवस्थापन प्रतिकार्य योजना, २०८३ को मस्यौदा पेश गरियो र यसमा आवश्यक अध्ययन तथा छलफल पश्चात् आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।